# 多言語情報コーナー　　　　　　　（令和８年　８月号）

## (१) विपद् रोकथाम विशेषांक ①: "नयाँ विपद् रोकथाम मौसम जानकारी" र निकासीको समय

सन् २०२६ साल मे महिनाको अन्त्यतिरबाट "नयाँ विपद् रोकथाम मौसम जानकारी" प्रणाली सञ्चालन सुरू भएको छ।

विपद् रोकथाम कार्यहरू बुझ्न सजिलो बनाउन, विपद् रोकथाम मौसम जानकारीको नामहरू अब एक स्तरको अंकबाट जारी गरिने छ। उदाहरणका लागि, "भारी वर्षा चेतावनी" "स्तर ३ भारी वर्षा चेतावनी" हुनेछ। यो स्तर ३ वृद्धवृद्धा आदि निकासीसँग मेल खान्छ। वृद्धवृद्धा, साना केटाकेटी, गर्भवती महिला र अपाङ्गता भएका व्यक्तिहरू सुरक्षित स्थानतर्फ जान शुरू गर्नुहोस्

यसबाहेक, नदीमा बाढीको जोखिम जारी गर्ने तरिका परिवर्तन हुनेछ। अघिल्ला बाढी चेतावनी र सल्लाहहरू खारेज गरिनेछ, र नदी वर्गीकरण अनुसार जानकारी जारी गर्ने तरिका परिवर्तन हुनेछ। बाढी पूर्वानुमानमा नदी ठूलो नदी हो भने "बाढी चेतावनी" "स्तर ३ बाढी चेतावनी" मा परिवर्तन हुनेछ, र यदि यो सानो वा मध्यम आकारको नदी हो भने "स्तर ३ भारी वर्षा चेतावनी" मा परिवर्तन हुनेछ।

खतरनाक क्षेत्रहरूबाट निकासी आवश्यक पर्ने अवस्थालाई संकेत गर्ने स्तर ४ को जानकारी "खतरा चेतावनी" को रूपमा जारी गरिनेछ। उदाहरणका लागि, "पहिरो प्रकोप चेतावनी जानकारी" "स्तर ४ पहिरो प्रकोप खतरा चेतावनी" मा परिवर्तन हुनेछ।

"स्तर ४ बाढी चेतावनी जानकारी" वा "स्तर ४ पहिरो चेतावनी" आदि, नगरपालिकाबाट निकासी आदेश जारी गर्यो भने, सबैजना तुरुन्तै सुरक्षित स्थानमा आश्रय लिन जानुहोस्।

"स्तर ५ बाढी विशेष चेतावनी" वा "स्तर ५ भारी वर्षा विशेष चेतावनी" ले, पहिले नै सुरक्षित आश्रय लिन नसकेकोले, ज्यान जोखिममा छ भन्ने संकेत गर्छ। पहिले नै निकासी लिन धेरै ढिलो भैसकेको सम्भावना छ। बाहिर निस्केर आश्रयस्थल तिर जानु, अत्यन्तै खतरनाक हुन्छ। आफ्नो ज्यान बचाउन, अहिले आफू रहेको स्थान भन्दापनि, सकेसम्म ठाउँमा तुरुन्तै सरौं।

## (२) विपद् रोकथाम विशेषांक ②: विपद् जोखिम नक्साको प्रयोग र आपतकालीन निकासी स्थलहरू

यदि वृद्धवृद्धा र अन्य व्यक्तिहरूको लागि स्तर ३ निकासी आदेश, वा स्तर ४ निकासी आदेश जारी गरियो भने तपाईं के गर्नुहुन्छ?

विपद् जोखिम नक्सा भनिने, स्थानीय विपद् जोखिम, निकासी स्थलहरू, र निकासीको बारेमा जानकारी आदि जाँच गर्नसकिने "ज्यान जोगाउने नक्सा" छ। तपाईं नगरको वेबसाइटमा विपद् जोखिम नक्सा हेर्न सक्नुहुन्छ। विपद् जोखिम नक्सा हेरेर, नियमित रूपमा आफ्नो घर र कार्यस्थल वरपरका खतरनाक क्षेत्रहरू जाँच गर्नुहोस्, र सुरक्षित निकासी गन्तव्यहरू र मार्गहरूको बारेमा पहिल्यै योजना बनाएर राखौं।

आँधीबेहरी (ताइफुउ) र अन्य प्रकोपहरू नजिक पुग्न केहि दिन अगाडि नै भविष्यवाणी गर्न सकिन्छ, त्यसैले टेलिभिजन, मोबाइल फोन, रेडियो, कम्प्युटरद्वारा आफैं जानकारी सङ्कलन गरेर, प्रकोपहरूको लागि तयारी गरौं।

निकासीको अर्थ नगरपालिकाले स्थापना गरेको आपतकालीन निकासी केन्द्रमा जानु मात्र होइन।

धेरै मानिसहरू एकैचोटि जाने सामुहिक आश्रयस्थल भन्दा, तपाईंका लागि अझ उपयुक्त अर्को विकल्प पनि हुनसक्छ।

उदाहरणका लागि, सुरक्षित स्थानमा बस्ने भरपर्दो आफन्त वा परिचितको घर। अर्को विकल्प भनेको पहिले नै गाड़ीबाट सुरक्षित क्षेत्रमा जानु पनि हो। नगरले विपद्को समयमा सकेसम्म चाँडो निकासी केन्द्रहरूको रूपमा खोल्ने "प्राथमिकताको आधारमा खोल्ने निकासी केन्द्रहरू" को तैयारी गर्दछ। यस्ता निकास केन्द्रहरु, विद्यालय र सामुदायिक केन्द्र आदि हुन्। नगरको वेबसाइट र सामाजिक सञ्जालमा यसरी खोलिने जानकारी जाँच गरेर निकासी गरौं।

विपद् जोखिम नक्सा हेरेर, यदि तपाईंको घर सुरक्षित स्थानमा छ भने, विपद्को समयमा घरमै बस्नु उत्तम हुन्छ। यदि तपाईंको घर बाढी-प्रवण क्षेत्रमा छ भने पनि, यदि बाढीको गहिराइ ५० सेन्टिमिटरभन्दा कम छ भने तपाईं घरमै यो समस्याबाट पार पाउन सक्नुहुन्छ। यदि बाढीको गहिराई ३ मिटरभन्दा कम छ भने, कृपया आफ्नो घरको दोस्रो तल्ला वा त्यसभन्दा माथि, सर्नुहोस्।

नगरले सवारी साधनहरूको लागि निकासी स्थलहरू प्रदान गर्न निजी कम्पनीहरूसँग पनि सम्झौता गरेको छ। इओन तोचिगी स्टोर जस्ता सहयोगी सुविधाहरूको छत र पार्किङ स्थलहरू विपद्को समयमा सवारी साधनहरूको लागि निकासी स्थलको रूपमा प्रयोग गर्न सकिन्छ। सवारी साधन निकास गर्ने ठाउँमा जानुअघि तोचिगी नगरले खुल्ने घोषणा गरेको जानकारी जाँच गर्नुहोस्। निकास गर्न ढिलो भएमा सडकहरू जलमग्न हुन सक्छन्। कृपया सकेसम्म चाँडो निकासी गर्नुहोस्।

## (३)"विशेष निवास कार्ड" को परिचय

यो जापानको अध्यागमन सेवा एजेन्सीको सूचना हो। यहि बर्ष सन् २०२६ साल जून १४ तारीखबाट निवास कार्ड र माई नम्बर कार्डको कार्यहरू एकीकृत गरिएको, विशेष निवास कार्ड संचालन शुरू भएको जानकारी गराईन्छ।

तीन महिनाभन्दा बढ़ी बसोबास अवधि भएका र आधारभूत निवासी दर्ता अभिलेखमा दर्ता भएका मध्यम तथा दीर्घकालीन विदेशी बासिन्दा र विशेष स्थायी बासिन्दाहरु यसका लागि लक्षित हुन्छन्।

यदि तपाईंयसका लागि योग्य हुनुहुन्छ भने पनि, कार्ड प्राप्त गर्नु अनिवार्य नभएर, इच्छुक व्यक्तिहरूले आवेदन दिन्छन्। अहिले सम्मको जस्तै दुई अलग-अलग कार्डहरू जारी राख्न सम्भव छ।

विशेष निवास कार्डको सबैभन्दा ठूलो फाइदा यो हो कि जब तपाईंको बसाइ अवधि बढाइन्छ, तपाईंको माई नम्बर सम्बन्धी जानकारी, तपाईंको बसाइ अवधि विस्तारको साथसाथै अध्यागमन कार्यालयमा स्वचालित रूपमा अद्यावधिक हुन्छ, जसले गर्दा सिटी हलमा प्रक्रियाहरूको आवश्यकता हट्छ र प्रशासनिक प्रक्रिया एकै ठाऊँमा पूरा गर्नसकिने भएकोछ। यसलाई माई नम्बर स्वास्थ्य बीमा कार्ड र माई नम्बर सवारी चालक अनुमतिपत्रको रूपमा पनि प्रयोग गर्न सकिन्छ।

तर, विशेष निवास कार्डको लागि मात्र आवेदन दिन सकिन्न। बसाइको अवधि र बसाइको स्थिति परिवर्तन, स्थायी बसाइको अनुमतिको लागि आवेदन दिंदा तपाईंले अध्यागमन कार्यालयमा एकैसाथ प्रतिस्थापन को लागि आवेदन दिन सक्नुहुन्छ। यसबाहेक, तपाईं जापानमा नयाँ प्रवेश गर्दा वा बसाई सर्ने कारणले गर्दा तपाईंको ठेगाना परिवर्तन हुँदा, तपाईंले शियाकुस्योको काउन्टरमा एकैसाथ प्रतिस्थापनको लागि आवेदन दिन सक्नुहुन्छ।

अहिले सम्मका निवास कार्डहरू अध्यागमन काउन्टरहरूमा तुरुन्तै जारी गरिएको भए तापनि, विशेष निवास कार्डहरूलाई माई नम्बर कार्यहरूको एकीकृत प्रशोधन आवश्यक पर्दछ, त्यसैले यो हातमा आईपुग्न छिटोमा पनि करिब दुई हप्ता लाग्नेछ।

साथै, सन् २०२६ साल जून १४, तारीखदेखि, विशेष निवास कार्डहरू नभै, नियमित निवास कार्डहरू पनि "बस्ने अवधि," "अनुमति प्रकार," "अनुमति मिति," र "प्रदान मिति" चाँही IC चिपमा अभिलेख भएर कार्डको सतहमा

नछापिने भएको छ।